
# एक्तिसौं वार्षिक साधारणसभाको बिवरण (माईन्युट)

कम्पनी दर्ता नं ७५/०५०/५१



आ.व. २०८१/८२

## श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
## डिल्लीबजार, काठमाण्डौं ।

# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
# Shree Investment and Finance Co. ltd.

(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4522038, 4526146, 4515344, 4517558, Fax:977-1-4521779, Email: info@shreefinance.com.np


## एक्तिसौं वार्षिक साधारणसभाको काम कारवाहीको विवरण तथा निर्णयहरु
## (माइन्यूट)

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को सञ्चालक समितिका अध्यक्ष श्री दिनेश राज जोशीज्यूको सभापतित्वमा कम्पनीको एक्तिसौं बार्षिक साधारणसभा मिति २०८२ पौष ३० गते (तदनुसार १४ जनवरी २०२६ ई.सं.) बुधवार विहान १०:०० बजे देखि ११:०० बजेसम्म कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाडौंको सभाकक्षमा सम्पन्न भयो । एक्तिसौं बार्षिक साधारणसभामा उपस्थिति, छलफलका विषय सूचि, सूचना प्रकाशन, सभाको बैधानिकता, गणपुरक सख्या, सभापतित्व, सभा सञ्चालन, छलफलका क्रममा व्यक्त गरिएका प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय(माइन्यूट) देहाय अनुसार रहेको छ ।

१. <u>सभामा रहेको उपस्थिति</u>

क. सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | श्री दिनेश राज जोशी | अध्यक्ष |
| २. | श्री श्यामसन ज.व.राणा | सञ्चालक |
| ३. | श्री कल्याण अधिकारी | सञ्चालक |
| ४. | श्री रामकृष्ण शर्मा वाग्ले | सञ्चालक |
| ५. | श्री उमेश भगत प्रधानाङ्ग | सञ्चालक |
| ६. | श्री भोला प्रसाद पाठक | सञ्चालक |

ख. पदाधिकारीहरु

| | | |
|---|---|---|
| १. | श्री अनिल जोशी | का.मु. प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री खिम बहादुर कार्की | नायव प्रमुख कार्यकारी अधिकृत तथा क. सचिव |
| ३. | श्री दुर्गा लम्साल | प्रमुख- संस्थागत सु-शासन,अनुपालना विभाग |
| ४. | श्रीमती विजया श्रेष्ठ | प्रमुख-श्रोत परिचालन विभाग |
| ५. | श्री बाबुराम थापा | प्रमुख-कर्जा विभाग |
| ६. | श्री श्याम जोशी | प्रमुख-जनशक्ति व्यवस्थापन तथा प्रशासन विभाग |
| ७. | श्री संसार शर्मा | प्रमुख-वित्त विभाग |
| ८. | श्री राजिव बन श्रेष्ठ | प्रमुख-सूचना प्रविधि विभाग |
| ९. | श्रीमती सुजाता पन्त | प्रमुख- जोखिम व्यवस्थापन विभाग |

ग. आमन्त्रित उपस्थितिहरु

| | | |
|---|---|---|
| १. | श्री शशि सत्याल, साझेदार (PKF TR Upaddhya & Co.) | बाह्य लेखापरीक्षक |

घ. <u>सभाको सुचना प्रकाशन</u>

१ सञ्चालक समितिको मिति २०८२/०९/०७ गते बसेको ३६४औं बैठकको निर्णय बमोजिम यस कम्पनीको एक्तिसौं बार्षिक साधारणसभाको विषय-सूची सहितको सूचना मिति २०८२/०९/०८ गते मंगलवारको राष्ट्रिय दैनिक पत्रिका "आर्थिक अभियान" मा पहिलो पटक तथा मिति २०८०/०९/२३ गते बुधवार दोस्रो पटक राष्ट्रिय दैनिक पत्रिका "नेपाल समाचारपत्र" मा सूचना




Together we deliver

Biratnagar Branch Tel: 021-511791 | Bhairahawa Branch Tel: 071-576507 | Taulihawa Branch Tel: 076-561197 | Rajahar Branch Tel: 078-545372
Danda Branch Tel: 078-418002 | Odari Branch Tel: 076-410036 | Harkapur Branch Tel: 078-403103 | Salyan Branch Tel: 088-400115
Rukum Branch Tel: 088-420038 | Budhanilkantha Branch Tel: 01-4379138 | Imadol Branch Tel: 01-5201147 | Chabahil Branch Tel: 01-4587225

प्रकाशित गरिएको थियो भने शेयरधनीहरुको मोबाइलमा SMS पनि पठाइएको थियो । साथै, उक्त सूचना वित्तीय संस्थाको वेभसाइटमा पनि राखिएको थियो ।

२ एक्तिसौं वार्षिक साधारणसभा बस्ने सूचना सहित कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको "संक्षिप्त वार्षिक आर्थिक विवरण" शेयरधनी महानुभावहरुको कम्पनीको शेयर दर्ता कितावमा कायम रहेको ठेगानामा पठाइएको थियो । साथै, कम्पनीको वेभसाइटमा राखिएको थियो ।

३ कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको वार्षिक आर्थिक विवरण लगायत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व २०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाब एवं नगद प्रवाह विवरणहरु (अनुसूचीहरु सहित) एक्तिसौं वार्षिक प्रतिवेदन २०८१/८२ को रुपमा प्रकाशित गरी यस कम्पनीको वेभसाईट WWW.shreefinance.com.np मा राखिएको लगायत रजिष्टर्ड कार्यालय एवं सभास्थलबाट उक्त पुस्तिका शेयरधनीहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको थियो ।

ङ. **गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| | |
|---|---|
| कुल शेयरधनी सख्या | ९७२७ |
| स्वयं उपस्थित शेयरधनी सख्या | ६० |
| प्रोक्सी मार्फत उपस्थित शेयरधनी संख्या | ९७ |
| कुल शेयर सख्या | १००,००,००० |
| स्वयं उपस्थित शेयर सख्या | २५,१३,९६८ |
| प्रोक्सी मार्फत उपस्थित शेयर संख्या | ३९,८९,७१२ |
| जम्मा उपस्थिति संख्या | ६५,०३,६८० |
| जम्मा उपस्थिति प्रतिशत | ६५.०३ |

२. **सभाको बैधानिकता तथा सभापतित्व**

कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम यस कम्पनीको एक्तिसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा स्वयं उपस्थित भई हाजिरी जनाउने शेयरधनीको सख्या ६० जना, प्रोक्सी मार्फत ९७ जना गरी कुल शेयरधनी १५७ जना, कुल शेयर कित्ता १००,००,००० मध्ये शेयर कित्ता ६५,०३,६८० को ६५.०३ प्रतिशत प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम कम्पनीको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय काठमाडौंमा प्रचलित कम्पनी कानून अनुसार सञ्चालन भएको सभा बैधानिक भएको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

त्यसपछि, नियमावलीमा व्यवस्था भए बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री दिनेश राज जोशीज्यूको सभापतित्वमा सभाको काम कारवाही अगाडि बढाइने व्यहोरा कम्पनी सचिवले जानकारी गराउदै एक्तिसौं वार्षिक साधारण सभा शुरु गर्न सभाध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

सभाध्यक्षज्यूले सभामा स्वयं उपस्थित हुनु भएका सवै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सभाको कार्य अगाडि बढाउनु भयो ।

३. **सभामा पेश भएको छलफलका विषयहरु**

**क. साधारण प्रस्ताव**

१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आ.व. २०८१/८२ को प्रतिवेदन उपरमा छलफल गरि पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०८१/८२ आषाढ मसान्तको बासलात तथा सोही आ.व.सम्मको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत वार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व. २०८२/८३ को लागी लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (PKF TR Upadhya & Co.) पुन: नियुक्तीकालागी योग्य हुनुहुन्छ ।)

४. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप चुक्ता पूँजी रु १ अर्वको ६.४०% ले हुने रु. ६,४०,००,०००/- (अक्षरेपी छ करोड चालिस लाख मात्र) नगद लाभाँश (नगद लाभाँशमा लाग्ने कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

५. सञ्चालक समितिको निर्णयानुसार संस्थापक समूह तर्फ रिक्त रहेको २ जना तथा सर्व-साधारण तर्फको १ जना सञ्चालकको पदमा बांकी अवधिका लागि गरिएको नियुक्तीको अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि र अन्य कुनै बैक/वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न कम्पनीको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नकोलागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२. कम्पनीका सञ्चालकहरुको बैठक भत्ता बृद्धि गरी तदनुसार नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न तथा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

४. **सभामा मन्तव्य प्रस्तुति**

कम्पनीको एक्तिसौं वार्षिक साधारणसभाको अध्यक्षता गरिरहनु भएका अध्यक्ष श्री दिनेश राज जोशीज्यूले सभामा अध्यक्षको मन्तव्य, सञ्चालक समितिको प्रतिवेदन लगायत कम्पनी ऐन २०६३ को दफा १०९ तथा धितोपत्र दर्ता तथा निश्कासन नियमावली २०७३ (अनुसूची १५) बमोजिमको प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो ।

प्रतिवेदन प्रस्तुति पश्चात सभाध्यक्षज्यूले सभामा उपस्थिति शेयरधनी महानुभावहरुलाई आफ्नो मन्तव्य तथा सुझावहरु भए राख्न अनुरोध गर्नु भए अनुसार देहायका शेयरधनीहरुले सभामा आफ्नो मन्तव्य राख्नु भएको भयो ।

१. *श्री रोज कुमार श्रेष्ठ*

- Non-Banking Assets (NBA) यथावत राखेकोमा बधाई,

- वर्तमान यस्तो अवस्थामा पनि लाभाँश दिन सकेकोमा धन्यवाद साथै, आगामी वर्ष पनि यस्तै अपेक्षा सहित साधारण सभा सफलताको शुभकामना ।

२. **महेन्द्र कुमार श्रेष्ठ**

- वर्तमान अवस्था-निक्षेप बढ्ने तर कर्जाको मागमा कमी आइरहेकोले सजग हुन, जसको कारणबाट पूंजी पलायन हुन सक्ने तर्फ सचेत रहन सुझाव ।
- वर्तमान अवस्थामा वित्त कम्पनीहरु Servive हुन गाह्रो रहेको साथै कर्जा लगानीमा विचार पुऱ्याउनु पर्ने अवस्था रहेको ।
- राम्रो संस्थागत सु-शासन कायम राख्न सकेकोमा धन्यवाद ।

३. **इन्द्र कृष्ण श्रेष्ठ**

- बिदाई भएर जानु भएका पूर्व अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतको पदचापमा संस्था डोऱ्याउनु आवश्यक ।
- अन्य वित्तीय संस्था भन्दा राम्रो रहेको ।
- कम्पनीको नाम संशोधनको सुझाव- नाम लामो भएको र छोटो राख्दा सम्झिन सजिलो हुने ।
- शेयरधनी र कर्मचारीलाई खुसी पार्न सक्ने संस्थाको भविष्य राम्रो हुने ।

केही शेयरधनीज्यूहरुले लिखित मन्तव्य पठाउनु भएकोमा उक्त लिखित मन्तव्य यस प्रकार रहेको छः

१. **चन्द्र नारायण श्रेष्ठ**

- पौष भित्र नियमानुसार साधारण सभा गर्न सकेकोमा धन्यवाद,
- यस कम्पनीबाट निरन्तर प्रतिफल दिन सकेकोमा धन्यवाद,
- अन्त्यमा, कम्पनीको ३१औं वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

३. **निरुपमा गुप्ता**

- साधारण सभा पौष अघि नै गर्न सुझाव,
- 2 digit को लाभाँश होस भन्ने आशा राखिएको,
- साधारण सभाको साधारण तथा विशेष प्रस्तावमा पूर्ण समर्थन छ,
- आगामी वर्ष थप प्रगति हुन सकोस,
- साधारण सभा सफलताको शुभ कामना ।

४. ***श्री लक्ष्मण बहादुर श्रेष्ठ***

- यस्तो अवस्थामा पनि लाभाँश दिन सकेकोमा धन्यवाद,
- समयमै साधारण सभा गरेकोमा धन्यवाद ।
- खर्चमा मितव्ययीता अपनाउनु हुन ।
- साधारण सभामा पेश भएका सवै प्रस्तावमा पूर्ण समर्थन छ,



Together we deliver

Biratnagar Branch Tel: 021-511791 | Bhairahawa Branch Tel: 071-576507 | Taulihawa Branch Tel: 076-561197 | Rajahar Branch Tel: 078-545372
Danda Branch Tel: 078-418002 | Odari Branch Tel: 076-410036 | Harkapur Branch Tel: 078-403103 | Salyan Branch Tel: 088-400115
Rukum Branch Tel: 088-420038 | Budhanilkantha Branch Tel: 01-4379138 | Imadol Branch Tel: 01-5201147 | Chabahil Branch Tel: 01-4587225

शेयरधनीहरुले आफ्नो मन्तव्य राखिसके पश्चात निजहरुको मन्तव्य तथा सुझाव उपर सभाध्यक्षज्यूको आदेशानुसार कम्पनीका कार्यकारी प्रमुख श्री अनिल जोशीज्यूले शेयरधनी महानुभावहरुको मन्तव्य तथा जिज्ञासाहरुको जवाफ दिनु भएको थियो । कार्यकारी प्रमुखले दिनु भएको जवाफ पश्चात शेयरधनीहरुले साधारणसभामा पेश गरिने आजको प्रस्तावहरुतर्फ प्रवेश गर्न अनुरोध गर्नु भएपछि सभाध्यक्षज्यूबाट देहाय अनुसारको प्रस्तावहरु छलफल तथा निर्णयार्थ पेश गर्नु भएको थियो ।

५. **एक्तिसौं वार्षिक साधारणसभाको निर्णयहरु:**

(क) **साधारण प्रस्ताव**

१. विषय-सूची नं. १ बमोजिम सभाध्यक्षज्यूले प्रस्तुत गर्नु भएको अध्यक्षज्यूको मन्तव्य, सञ्चालक समितिको प्रतिवेदन तथा कम्पनी ऐन, २०६३ दफा १०९ बमोजिम तयार पारिएको आ.व २०८१/८२ को प्रतिवेदन तथा धितोपत्र दर्ता तथा निश्कासन नियमावली २०७३ नियम २६ को उप-नियम (२) संग सम्बन्धित अनुसूचि १५ बमोजिमको प्रतिवेदन छलफल पश्चात सर्वसम्मतिबाट पारित गरियो ।

२. विषय-सूची नं. २ बमोजिम सभामा प्रस्तुत गरिएको लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको बासलात तथा मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह बिवरण लगायतका वित्तीय बिवरणहरु र नेपाल बित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय बिवरणहरु र सो संग सम्बन्धित अनुसूचीहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

३. विषय-सूची नं. ३ बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागी लेखापरीक्षकको नियुक्ती तथा नीजको पारिश्रमीक निर्धारण गर्ने प्रस्ताव सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भई आएको Institute of Chartered Accountants of Nepal मा लेखापरीक्षकको सूचीमा समावेश भएका लेखापरीक्षण कार्यमा संलग्न फर्महरुको पारिश्रमिक सहित प्रस्ताव प्राप्त भएको जानकारी सभामा सभाध्यक्षज्यूले गराउनु भयो ।
पेश भएका प्रस्तावहरु मध्येको PKF T.R. Upadhaya & Co., Chartered Accountants को सबैभन्दा कम पारिश्रमिक ( मु. अ. कर समेत ) रु. ७,७५,०००।- (अक्षरेपी सात लाख पचहत्तर हजार मात्र) को प्रस्ताव प्राप्त भएकोले आ.व. २०८२/८३ को बाह्य लेखापरीक्षण, Tax Audit, कम्पनी ऐन २०६३ को दफा ७८ को प्रमाणिकरण तथा नेपाल धितोपत्र बोर्डमा पेश गर्नु पर्ने संस्थागत सु-शासन अनुपालना प्रतिवेदन समेत प्रमाणिकरण गर्न PKF T.R. Upadhaya & Co., Chartered Accountants लाई बाह्य लेखापरीक्षक नियुक्तीको निर्णय गर्दै पारिश्रमीक स्वरुप Out of Pocket Expenses बाहेक मुल्य अभिबृद्धि कर समेत रु. ७,७५,०००।- (अक्षरेपी सात लाख पचहत्तर हजार मात्र) को प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

४. विषय-सूची नं. ४ बमोजिम सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम चुक्ता पूंजी रु. १ अर्वको ६.४०% हुन आउने रु. ६,४०,००,०००/- (अक्षरेपी छ करोड चालिस लाख मात्र) (नगद लाभाँशमा लाग्ने कर समेत) नगद लाभांशको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4522038, 4526146, 4515344, 4517558, Fax:977-1-4521779, Email: info@shreefinance.com.np

५. विषय-सूची नं. ५ बमोजिम संस्थापक समूह तर्फ रिक्त रहेको २ जना तथा सर्व-साधारण शेयरधनी तर्फ रिक्त रहेको १ जना सञ्चालकको पदमा बांकी अवधिकालागी सञ्चालक समितिको निम्न मितिको निर्णयानुसार गरिएको नियुक्तीको अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

| संस्थापक तर्फ | नियुक्ती मिति | बैठक नम्वर |
|---|---|---|
| १. श्री श्यामसन ज.व.राणा<br>का.म.न.पा २९ डिल्लीबजार, काठमाडौं | २०८१/१०/२४ | ३५२ |
| २. श्री कल्याण अधिकारी<br>का.म.न.पा ९ नयाँपाटी काठमाडौं | २०८२/०८/०७ | ३६१ |
| **सर्वसाधारण तर्फ** | | |
| १. श्री भोला प्रसाद पाठक<br>का.म.न.पा ९, कुमारीगाल काठमाडौं | २०८२/०२/२१ | ३५६ |

(ख) **विशेष प्रस्ताव:**

**१. विषय-सूची नं. १** बमोजिम श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि र अन्य कुनै बैक/वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न कम्पनीको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Dilligce Audit-DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमीक तोक्ने तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगायत सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नकोलागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**२. विषय-सूची नं २** बमोजिम कम्पनीका सञ्चालकज्यूहरुको बैठक भत्तालाई समय सापेक्ष रुपमा बृद्धि गरी कम्पनीको नियमावलीमा निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**नियमावलीमा संशोधित प्रस्ताव**

| साविकको व्यवस्था | हालको व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| नियम २८ (१) ख<br>सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकलाई क्रमशः रु. ९,०००/- र रु. ८,०००/- प्रदान गरिने छ । | नियम २८ (१) ख<br>सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकलाई क्रमशः रु. १२,०००/- र रु. १०,०००/- प्रदान गरिने छ । | समय सापेक्ष बैठक भत्ता कम भएको ले बृद्धि गर्नु परेको । |

*श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.को एक्तिसौं वार्षिक साधारण सभाको माइन्यूट*


Biratnagar Branch Tel: 021-511791 | Bhairahawa Branch Tel: 071-576507 | Taulihawa Branch Tel: 076-561197 | Rajahar Branch Tel: 078-545372
Danda Branch Tel: 078-418002 | Odari Branch Tel: 076-410036 | Harkapur Branch Tel: 078-403103 | Salyan Branch Tel: 088-400115
Rukum Branch Tel: 088-420038 | Budhanilkantha Branch Tel: 01-4379138 | Imadol Branch Tel: 01-5201147 | Chabahil Branch Tel: 01-4587225

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4522038, 4526146, 4515344, 4517558, Fax:977-1-4521779, Email: info@shreefinance.com.np

३. **विषय-सूची नं. ३** बमोजिम कम्पनीको प्रवन्धपत्र तथा नियमावली संसोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णयलाई सर्वसम्मतिले पारित गरियो ।

(ग) **विविध**

विविध अन्तरगत छलफलकालागि अन्य विषय वस्तु नभएको व्यहोरा सभालाई जानकारी गराइयो ।

६. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

अन्त्यमा, कम्पनीलाई आजको अवस्थामा पुऱ्याउन अथक प्रयास गर्ने कर्मचारीहरु, नियमनकारी निकायहरुलाई समेत धन्यवाद दिँदै एक्तिसौं वार्षिक साधारणसभामा उपस्थित भई उत्साह पूर्वक छलफलमा सहभागि भई प्रस्तावित विषय-वस्तुहरु पारित गरि दिनु भएकोमा खुसी व्यक्त गर्दै आगामी दिनहरुमा पनि शेयरधनी महानुभावहरु तथा नियमनकारी निकायहरुबाट सहयोगको अपेक्षा राख्दै सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित सबैलाई धन्यवाद दिदैं सभाध्यक्षज्यूले सभा विसर्जनको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| ............................ | ............................ |
| खिम बहादुर कार्की | दिनेश राज जोशी |
| कम्पनी सचिव | अध्यक्ष |